## नेपाल राष्ट्र बैंक

### प्रेस समाचार

# गभर्नर डा. नेपालबाट चितवन केरा उत्पादक संघको दोस्रो वार्षिक साधारणसभालाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले चितवन केरा उत्पादक संघको दोस्रो साधारण सभा चितवनको रत्ननगरमा मिति २०७२ चैत २५ गते बिहीबारका दिन उद्घाटन गर्नु भयो ।



व्यवसायिक केरा खेतीको पहिचान, कृषिमा नयाँ अभियानको नारा साथ उद्घाटन भएको सो सभालाई प्रमुख अतिथिको रूपमा सम्वोधन गर्दै गभर्नर डा. नेपालले मुलुकको केरा खेतीमध्ये २५ सय विगाहा जमीनमा फैलिएको चितवनको केरा खेतीलाई समय अनुसार व्यवस्थित र सुरक्षित तवरले संचालन गर्नु पर्ने बताउनु भयो ।

स्वदेशी केराको प्रचार प्रसार गरी उपभोक्तालाई गुणस्तरीय केरा आपूर्ति गर्नु पर्ने र स्वदेशमा केरा उत्पादन लगायत थुप्रै अवसरहरू रहेकोले विदेशिनु नपर्ने कुरा गभर्नर डा. नेपालले बताउनु भयो ।

नेपालमा कुल जनसंख्याको ५ प्रतिशत जति मात्रले बीमा गर्ने गरेको जानकारी दिनु हुँदै केरा खेतीलाई बीमा गरी त्यसबाट बढीभन्दा बढी लाभ लिन कृषकहरूलाई आग्रह गर्नुभयो । बीमा गर्दा सबैलाई फाइदा हुने हुँदा केरा बालीको समयमा नै बीमा गर्न आग्रह गर्नुभयो । केरा खेती विज्ञहरूबाट आवश्यक सरसल्लाह लिनु पर्ने जसले गर्दा बाली बिग्रनबाट जोगिने कुरा बताउनु भयो ।

संसारको सबैभन्दा बढी केरा उत्पादन गर्ने मुलुक छिमेकी मित्रराष्ट्रहरूको बीचमा नेपाल रहेको हुँदा प्रतिस्पर्धात्मक रूपमा लाग्नु पर्ने कुरामा जोड दिनुभयो ।

आयातित केराको नियमनको लागि क्वारेन्टाइन चेक पोष्ट खडा गर्ने सम्बन्धमा सम्बन्धित सरकारी निकायसँग आग्रह गर्नु पर्ने विषयमा केरा कृषकहरूलाई सल्लाह दिनु भयो ।

बैंकसँग ऋण र व्याजको कुरा मात्र हुने हुँदा अन्य समस्याहरूको समाधानका उपायहरू सरकारी निकायसँग हुने कुरा बताउनु भयो । नेपाल राष्ट्र बैंकले कृषि कर्जाको लागि व्यवस्था गरेको सहुलियत दरको ऋण तथा अनुदान लिई फाइदा उठाउन सम्पूर्ण केरा व्यवसायीहरूलाई अनुरोध गर्नु भयो ।




उक्त साधारण सभामा चितवन जिल्ला प्रमुख अधिकारी, चितवन सुरक्षा निकायका प्रमुख, कुखुरा उत्पादक संघ, अण्डा उत्पादक संघ, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

२०७२ चैत २५, बिहीबार

गभर्नरको कार्यालय